जि.प्र.का. सप्तरी द.नं. ३३/०४८/०४९ स.नि.वि.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३१ अंक २८१ २०७९ साल असार ३ गते शुक्रबार (17 June 2022 Friday) मूल्य रु. ५/-

**Log in : rajbirajdainik.com.np**

जंगली च्याउहरु विषालु पनि हुनसक्छन्,
त्यसैले राम्ररी पहिचान गरेर मात्र खाऔं।

खेती गरेर उमारेका च्याउ मात्र खाने गरौं।
अमुल्य जीवन सुरक्षित गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

*यस अंक भित्र :* २ पृष्ठमा : बेरोजगारी अन्त्य गर्न यस्ता छन्. ३ पृष्ठमा : एसपिपीसम्बन्धी कुनै निर्णय ... ३ पृष्ठमापाकिस्तानी प्रमभन्दा उनका...

# सप्तरीमा जिल्ला समन्वय समिती गठनमा अन्यौल




**दैनिक समाचारदाता**
**राजविराज, २ असार ।**

सप्तरीमा जिल्ला समन्वय समिती गठन अन्यौलमा परेको छ । जिल्लाको राजगढ गाउँपालिकामा कार्यपालिका सदस्यको निर्वाचन रोकिएका कारण उक्त अन्यौलता भएको हो ।

तीन साता अघि राजगढ गाउपालिकाको कार्यपालिका सदस्य निर्वाचनका लागी मनोनयन पत्र दर्ता गर्ने दिन नेकपा एमालेबाट नवनिर्वाचित जनप्रतिनीधीहरुले समयमा मनोनयन पत्र दर्ता गर्न सकेका थिएनन् । सोही दिन नेकपा एमालेबाट निर्वाचित भएका गाउँपालिका अध्यक्ष, उपाध्यक्ष लगायत नवनिर्वाचितहरुको पदस्थापन कार्यक्रम रहेकाले ढिलो गरी मनोनयन पत्र दर्ता गर्न पुगेपछि तोकिएको समयमा नआएको भन्दै विपक्षी पार्टीका कार्याकर्ताले उनीहरुको मनोनयन पत्र दर्ता गर्न नहुने अडान लिएका थिए ।

जनता समाजवादी पार्टी लगायतका विपक्षी पार्टीहरुले आफुहरुले समय भित्रै दर्ता गराएको मनोनयन पत्रका आधारमा निर्विरोध निर्वाचित भएको घोषणा गर्नु पर्ने अडान लिएका थिए ।

उक्त गाउँपालिकामा एमालेबाट निर्वाचित अध्यक्ष ओम प्रकाश मण्डल, उपाध्यक्ष रेणुकुमारी मण्डल लगायतका जनप्रतिनीधीले पदस्थापनामा व्यस्त रहनु परेका कारण आफुहरुलाई पनि मनोनयन पत्र दर्ताको समय उपलब्ध गराउनु पर्ने माग गरेका थिए ।

विवाद बढदै गए पछि मनोनयन प्रक्रिया रोकिएर निर्वाचन नै प्रभावित बन्न पुगेको थियो । सोको विरोधमा जसपा लगायतका विपक्षीहरुले अदालतमा मुदा दर्ता गरेपछि तत्कालका लागी गाउँकार्यापालिका सदस्यको निर्वाचन रोकिन पुगेको हो ।

अदालतले गत जेठ ३१ गते

*बाँकी अन्तिम पृष्ठमा*

# प्रअले व्यवस्थापन समितिका अध्यक्षलाई बनाए बन्धक



**दैनिक समाचारदाता**
**राजविराज, २ असार ।**

सप्तरीको महादेवा गाउँपालिका १ स्थित जनचेतना रा.प्रा.वि. बल्थीका विद्यालय ब्यवस्थापन समितिका अध्यक्ष विनोदकुमार यादवलाई सोही विद्यालयका प्रधानाध्यापकले बन्धक बनाएका छन् ।

सो विद्यालयका प्रधानाध्यापक मो.गुलजारउदीनले समितिका अध्यक्ष यादवलाई सुनियोजित ढगंबाट विद्यालयमा बोलाएर आफ्नो कोठामा आधा घण्टा बन्धक बनाएको पीडित अध्यक्ष यादवले जानकारी दिएका छन् ।

समितिका अध्यक्ष यादवलाई प्रअ मो.उदीनले पत्रकारलाई

*बाँकी अन्तिम पृष्ठमा*

## सूचना । सूचना ॥ सूचना ॥।

यस ट्रेडर्सद्वारा पैठारी गरि बिक्रि बितरण गरिने DAIKIN INDIA, भारत ब्राण्डको अधिकतम खुदरा मुल्य निम्न अनुसार भएको सर्वसाधारणको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| SN | Products | Model Number | MRP |
|---|---|---|---|
| 1 | Out Door Unit | RXYQ16ARY6 | 850,000.00 |
| 2 | Out Door Unit | RXYQ12ARY6 | 710,000.00 |
| 3 | Out Door Unit | RXYQ14ARY6 | 780,000.00 |
| 4 | Ductable IDU 1.5 TR | FXDQ50NDV36 | 91,000.00 |
| 5 | Ductable IDU 2.08 TR | FXDQ63PDV36 | 98,000.00 |
| 6 | Ductable IDU 1.06 TR | FXDQ32PDV36 | 75,000.00 |
| 7 | Ductable IDU 1.25 TR | FXDQ40PDV36 | 85,000.00 |
| 8 | Ductable 4 TR | FXMQ100ARV16 | 150,000.00 |
| 9 | Corded Remote | BRC2E61 | 6,000.00 |
| 10 | Y-Joint | KHRP26A33T6 | 7,200.00 |
| 11 | Y-Joint | KHRP26A22T6 | 7,200.00 |
| 12 | Y-Joint | KHRP26A72T6 | 7,200.00 |
| 13 | Y-Joint | KHRP26A73T6 | 7,800.00 |
| 14 | Cassatte IDU 2.08 TR | FXFSQ63ARV16 | 90,000.00 |
| 15 | Cassette Panel | BYCQ125EAF6 | 14,400.00 |
| 16 | Cassette IDU 4 TR | FXFSQ125ARV16 | 140,000.00 |
| 17 | Cassette IDU 1.65 TR | FXFSQ50ARV16 | 85,000.00 |
| 18 | Cassaette IDU 0.83 TR | FXFSQ25ARV16 | 61,000.00 |
| 19 | Cassette IDU 2.65 TR | FXFSQ80ARV16 | 78,600.00 |
| 20 | Hi Wall IDU 2.08 TR | FXAQ63ARVE6 | 75,000.00 |
| 21 | HI Wall IDU 1.65TR | FXAQ50ARVE6 | 70,000.00 |
| 22 | Hi Wall IDU 1 TR | FXAQ32ARVE6 | 65,000.00 |
| 23 | Hot Water Generator | UHA075B5-FBBE | 1,050,000.00 |
| 24 | Accessories Pump | UHA-AIE | 52,000.00 |

**INTERIOR DESIGNERS PVT. LTD.**
**Subidha Nagar, Kathmandu**

## जनज्योती कृषि सहकारीमा सदस्यता किन ...?

नीति, कार्यविधि र सुशासनमा चलेको संस्था
रणनीतिक योजना एवं लक्ष्य र उद्देश्यका आधारमा संचालित संस्था ।
आर्थिक समृद्धिका विभिन्न अवसरहरु भएको संस्था ।
विभिन्न घटना एवं दुर्घटनामा सुरक्षाको प्रत्याभुती गर्ने संस्था ।
प्रभावकारी व्यवस्थापन र सुशासनका लागि राष्ट्रिय सहकारी बैंकको राष्ट्रिय स्तरको care कार्यक्रममा आवद्ध संस्था ।
नेतृत्व विकासका लागि प्रसस्त अवसरहरु भएको संस्था ।
उद्यमशिलता विकासका लागि विभिन्न कार्यक्रमहरु भएको संस्था ।
सामाजिक उत्तरदायित्व वहन गर्ने संस्था ।
सहकारी अभियानमा राष्ट्रिय तहको नेतृत्व गर्न सफल संस्था ।
सदस्य मैत्री बचत र ऋण सेवा सहितको संस्था ।
व्यवसायिक कार्यक्रम संचालन गरेको संस्था ।
कृषि पेशालाई प्रात्साहन गर्ने संस्था ।
सदस्यहरुको कृषि उत्पादनको उचित मुल्यमा आकर्षक बजारीकरण गर्ने संस्था ।
त्यसैले आजै संस्थामा जुटौं, "**बचत गरौं समृद्ध वनौं**"

**जनज्योति कृषि सहकारी संस्था लि.**
**राजविराज ९ मलेठ, सप्तरी**
**सम्पर्क नं. ०३१-५९०६०१, ०३१५९०६०२, www.janajyoticoop.com.np**

## सम्पादकीय

### सामुदायिक विद्यालयको शिक्षातर्फ ध्यान पुगोस्

सामुदायिक विद्यालयहरुमा दिनहुँ शिक्षाको गुणस्तर खस्किदै गएको छ। सप्तरी जिल्लामा विद्यालयको संख्या बढे पनि शिक्षा भने खस्किएको अवस्था देखिएको छ। एक दुई सामुदायिक विद्यालयको शिक्षा भने अहिले पनि उदाहरणिय रहेको छ। तर, अधिकांश विद्यालयमा राजनीतिक दलको हस्तक्षेप र शिक्षकहरुको नेतागिरी प्रवृतीले शिक्षाको गुणस्तरमा कमी आएको देखिएको छ। यता सरकारले सामुदायिक विद्यालयको शिक्षामा गुणस्तर बृद्धिका लागि लगानी बढाउँदै गएपनि सुधारको अवस्था भने न्यून नै देखिएको छ।

तसर्थ शिक्षाको गुणस्तर सुधार्न सम्बन्धीत सबै सरोकारबालाहरुले आ-आफ्नो क्षेत्रबाट सहयोग गर्नुपर्ने आवश्यकता रहेको छ।

# बेरोजगारी अन्त्य गर्न यस्ता छन् प्रदेश सरकारका कार्यक्रम

काठमाडौँ, २ असार (रासस)।

सातै प्रदेशका सरकारले बुधबार आगामी आर्थिक वर्षका लागि बजेट प्रस्तुत गरेका छन्। संविधानका अनुसूचीअनुसार प्रदेश सरकारका क्षेत्राधिकारभित्र पर्ने विषयलाई सम्बोधन गर्ने गरी प्रदेश सरकारका बजेट आएका छन्। सातै प्रदेशले रोजगारी सिर्जना, सीपमूलक तालिम प्रदान, औद्योगिक क्षेत्रका प्रवर्द्धनका लागि बजेट विनियोजन गरेका छन्।

बागमती प्रदेश सरकारले १० हजार युवालाई स्वदेशमै काम गर्न सक्ने गरी स्वरोजगारमूलक सीप सिकाउन 'मुख्यमन्त्री सीप विकास तथा रोजगार कार्यक्रम' सञ्चालन गर्ने घोषणा गरेको छ। सो कार्यक्रममा प्रदेशभित्रका गरिब, विपन्न र द्वन्द्वपीडित परिवारका व्यक्तिलाई सीपमूलक तालिममा प्राथमिकता दिइने छ। उक्त कार्यक्रम सञ्चालन गर्न रु १५ करोड विनियोजन गरिएको बागमतीका आर्थिक मामिला तथा योजनामन्त्री शालिकराम जम्कट्टेलले जानकारी दिनुभयो। यस कार्यक्रमअन्तर्गत उद्योगसँग सहकार्य गरी कार्यस्थलमा नै प्रशिक्षण दिई सोही उद्योग तथा व्यावसायिक प्रतिष्ठानमा रोजगारी दिने व्यवस्था मिलाइ बजेट वक्तव्यमा उल्लेख छ।

वैदेशिक रोजगारीबाट फर्केका तथा हरेक वर्ष श्रम बजारमा प्रवेश गर्ने युवालाई लक्षित गरी उद्यमशीलता प्रवर्द्धनका कार्यक्रम सञ्चालन गरी स्वरोजगार बनाइने, वैदेशिक रोजगारीमा जाने युवालाई आवासीय, आवधिक, सघन सीपमूलक र गन्तव्य मुलुकमा माग हुने तालिम र सीप परीक्षण तथा प्रमाणीकरण गर्न प्राविधिक शिक्षा तथा व्यावसाययिक परिषद्सँग सहकार्य गरिने बजेटमा उल्लेख छ।

स्वरोजगार, औपचारिक तथा अनौपचारिक क्षेत्र र वैदेशिक रोजगारीमा रहेका श्रमिकलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गर्दै लैजान सङ्घीय सरकार र सामाजिक सुरक्षा कोषसँग सहकार्य गरिने, सङ्घीय सरकारसँगको सहकार्यमा प्रदेश सरकारअन्तर्गत कार्यरत अस्थायी ज्यालादारी र करारमा कार्यरत कर्मचारीलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गराइने तथा श्रमिकको पञ्जीकरण गर्ने व्यवस्था मिलाउन बजेट विनियोजन गरिएको छ।

आगामी आर्थिक वर्षमा प्रदेश श्रम तथा रोजगार नीति तर्जुमा गरी कार्यान्वयनमा ल्याइने, श्रमिकहरूको व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य मापदण्डको अवलम्बन गरी कार्यस्थललाई सुरक्षित बनाउन नियमानकारी भूमिका बढाइने उल्लेख छ। श्रम, रोजगार तथा यातायात मन्त्रालयमा श्रमिकको हकहितको संरक्षण र संवर्द्धनका लागि श्रमिक 'हेल्प डेस्क' सञ्चालनमा ल्याउने र श्रमको सम्मान गर्ने संस्कृतिका विकास गरिने बजेटमा समावेश छ। बागमती प्रदेश सरकारले श्रम, रोजगार तथा यातायात व्यवस्था मन्त्रालयका लागि रु ९७ करोड २४ लाख बजेट विनियोजन गरेको छ।

प्रदेश नं १ सरकारले स्वरोजगार अभिवृद्धिका लागि व्यूटीसियन, सिकर्मी, डकर्मी, हजाम, इलेक्ट्रिसियन, प्लम्बिङ एवं अन्य सीपयुक्त प्राविधिक उत्पादन गर्न तालिम कार्यक्रम सञ्चालन गर्न बजेट विनियोजन गरेको छ। प्रदेश सरकारको बजेट प्रस्तुत गर्दै आन्तरिक मामिला तथा योजनामन्त्री इन्द्रबहादुर आङ्बोले आगामी वर्ष रोजगार सूचना केन्द्रको सुदृढीकरण गरिने बताउनुभयो। प्रदेश सरकारले रोजगार नीति निर्माणसमेत गर्ने भएको छ।

श्रमिक र रोजगारादताबीच सहजीकरण गर्न प्रदेश श्रम सल्लाहकार परिषद्लाई थप क्रियाशील बनाइने, श्रमिकको सामाजिक सुरक्षा र सामाजिक संवादसम्बन्धी प्रादेशिक नीति एवं कानुन निर्माणका लागि बजेट व्यवस्था गरिएको छ। प्रदेश १ सरकारले उद्योग, वाणिज्य, श्रम तथा रोजगार क्षेत्रका लागि रु ४६ करोड ८८ लाख विनियोजन गरेको छ।

लुम्बिनी प्रदेश सरकारले 'बेरोजगारलाई रोजगारः साथमा छ प्रदेश सरकार' भन्ने नीतिअनुरुप श्रम बजारमा रोजगारीको अवसर तथा सम्भावनाको अध्ययन गरी बेरोजगार युवाशक्ति, लक्षित वर्ग र द्वन्द्व प्रभावित परिवारलाई माग र आवश्यकताका आधारित सीपमूलक तालिम र वस्तुगत सहयोग कार्यक्रम सञ्चालन गर्ने भएको छ। सो कार्यक्रमका लागि रु तीन करोड ४८ लाख विनियोजन गरिएको लुम्बिनीका आर्थिक मामिला तथा सहकारी मन्त्री कृष्णध्वज खड्काले जानकारी दिनुभयो। गुणस्तरीय तालिम सञ्चालन गर्न प्यूठानमा ल्याबसहितको 'सीप प्रतिष्ठान' स्थापना गर्न रु एक करोड विनियोजन गरिएको छ। वैदेशिक रोजगारीमा जाने युवालाई तालिम तथा सीपविकास कार्यक्रम सञ्चालन, वैदेशिक रोजगारीबाट फर्केका युवाको सीप परीक्षण गरी सीपसँग सम्बन्धित पेशा व्यवसायमा आबद्ध गराउन आवश्यक व्यवस्था मिलाइने छ।

प्राविधिक शिक्षालयसँग सहकार्य गरी कोभिड-१९ महामारीका कारण रोजगारी गुमाएका युवाको सीप स्तरोन्नति तालिम तथा युवा स्वरोजगार कार्यक्रम सञ्चालन गरिने, 'गर र सिक' कार्यक्रमअन्तर्गत सीप सिक्न चाहने व्यक्तिका लागि निजी क्षेत्रको सहकार्यमा औद्यौगिक तथा व्यावसायिकस्थलमा गई काम गरेर सिक्नका लागि प्रोत्साहन गर्न बजेट विनियोजन गरिएको छ। बालश्रम निषेध गर्न उद्योग, कलकारखाना तथा व्यवसायको नियमित अनुगमन तथा सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।

मधेस सरसकारले उद्योगलाई चाहिने जनशक्ति उत्पादन गर्न निजी, गैरसरकारी संस्था, स्थानीय तहको समेत सहभागितामा मुख्यमन्त्री सीप प्रवर्द्धन तथा रोजगार कार्यक्रममा रु २५ करोड विनियोजन गरिएको अर्थमन्त्री शैलेन्द्रप्रसाद साहले जानकारी दिनुभयो। कर्णाली प्रदेश सरकारले श्रम तथा रोजगार सचेतना तथा प्रवर्द्धनसम्बन्धी कार्यक्रम सञ्चालन गर्ने, बालश्रमिक निषेध प्रदेश निर्माणका लागि अभियानमूलक सचेतना कार्यक्रम सञ्चालन गर्ने भएको छ। आगामी आर्थिक वर्षको बजेट प्रस्तुत गर्दै आर्थिक मामिला तथा योजनामन्त्री विन्दमान विष्टले वैदेशिक रोजगारबाट फर्केका तथा स्वदेशभित्र रोजगारीबाट बञ्चित युवाको सीप, प्रविधि र जाँगरलाई सिर्जनशील उद्यमीमार्फत स्वरोजगार बनाउने कार्यक्रम सञ्चालन गरिने बताउनुभयो।

गण्डकी प्रदेश सरकारले व्यावसायिक उत्पादन तथा रोजगारी अभिवृद्धिका लागि युवामा उद्यमशील सोचको विकास गराइ स्थानीय श्रम, पूँजी र प्रविधिजस्ता कच्चा पदार्थमा आधारित उद्योग स्थापना गर्न उद्यमशीलता विकास, सीपमूलक तालिम र स्टार्टअप व्यवसायलाई प्रोत्साह गर्ने कार्यक्रम सञ्चालन गर्ने भएको छ। गण्डकी प्रदेशका अर्थमन्त्री रामजीप्रसाद बरालले आगामी आवको बजेट पेश गर्दै परम्परागत सीप र प्रविधिमा आधारित घरेलु तथा साना उद्योग व्यवसायलाई आधुनिकीकरण गरी व्यावसायिक क्षमता वृद्धि गर्न उपयुक्त प्रविधि हस्तान्तरणको कार्यक्रमलाई निरन्तरता दिइएको बताउनुभयो।

सुदूरपश्चिम प्रदेश सरकारले 'सीप सिकौँ, उद्यमशील बनौँ' सफल बनाउन गुणस्तरीय बुहसीपयुक्त मानव संशाधनको विकास गरी रोजगार र स्वरोजगारका सम्भावना अभिवृद्धि गर्न महिला, दलित, जनजाति र पिछडिएका समूहलाई विषेश लक्षित गरी विभिन्न प्रकारका व्यावसायिक तथा सीपमूलक तालिम सञ्चालन गर्ने घोषणा गरेको छ। सो कार्यक्रमका लागि रु चार करोड १५ लाख विनियोजन गरिएको आर्थिक मामिलामन्त्री प्रकाश रावलले जानकारी दिनुभयो। कार्यस्थलमा कामदारको सुरक्षा, स्वास्थ्यसम्बन्धी परामर्श, उद्यमशीलताको विकास, उत्कृष्ट श्रमिक उद्यमी पहिचान र पुरस्कृत गर्ने कार्यक्रम सञ्चालन गर्न बजेट विनियोजन गरिएको छ।

## बजेट परम्परागत र कामचलाउ मात्र छ : प्रमुख प्रतिपक्षी दलका नेता सोनल

जनकपुर, २ असार (रासस)।

मधेस प्रदेश सरकारले सार्वजनिक गरेको आर्थिक वर्ष २०७९/८० को बजेट परम्परागत र कामचलाउ मात्र रहेको प्रमुख प्रतिपक्षी दलका नेताहरूले बताएका छन्।

प्रदेश सरकारका अर्थमन्त्री शैलेन्द्रप्रसाद साहले आगामी आर्थिक वर्षका लागि बजेट प्रस्तुत गर्नुभएपछि प्रमुख प्रतिपक्षी दल लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) का प्रदेश संसदीय दलका नेता जितेन्द्र सोनलले बजेट परम्परा धान्ने र टालटुले मात्र रहेको बताउनुभएको हो।

"बजेटमा प्रादेशिक गौरबका योजनाहरू आउनुपर्दथ्यो, त्यो हुनसकेको छैन्", पूर्वमन्त्रीसमेत रहनुभएका उहाँले भन्नुभयो, "अहिलेको बजेटमा युवाहरूको बेरोजगारीको सबाललाई जोड दिनुपर्ने थियो, त्यो पनि छैन। कृषि उत्पादन र किसानहरूलाई सहजरूपमा मलखाद र बीउबिजन उपलब्ध गराउने कुरा पनि बजेटमा छैन।"

भौतिक पूर्वाधार विकासका कुरालाई बजेटमा प्राथमकिता नदिएको उल्लेख गर्दै नेता सोनलले समग्रमा अहिलेको बजेटमा खासै आकर्षण र नयाँपन नरहेको बताउनुभयो।

नेकपा (एमाले) प्रदेश संसदीय दलका नेता सत्यनारायण मण्डलले

बाँकी तीन पृष्ठमा

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics
(BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. कालीप्रसाद यादव
Dr. Kali Prasad Yadav
MBBS, MD Internal Medicine
(NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 13203
कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), मुटु, दम तथा श्वासप्रश्वास, पेट तथा कलेजो, मृगौला, छाती, थाईरोइड सम्बन्धी रोग
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# एसपिपीसम्बन्धी कुनै निर्णय भएको छैन र हुँदैन : सञ्चारमन्त्री कार्की

काठमाडौँ, २ असार (रासस)।

सञ्चार तथा सूचना प्रविधिमन्त्री एवं सरकारका प्रवक्ता ज्ञानेन्द्रबहादुर कार्कीले संयुक्त राज्य अमेरिकाको 'स्टेट पार्टनरसीप प्रोग्राम' (एसपिपी) सम्बन्धमा सरकारका तर्फबाट कुनै निर्णय नभएको स्पष्ट पार्नुभएको छ।

विनियोजन विधयेक, २०७९ अन्तर्गत रक्षा मन्त्रालय, राष्ट्रिय योजना आयोगको सचिवालय, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, राष्ट्रपतिको कार्यालय एवं उपराष्ट्रपतिको कार्यालयका विभिन्न शीर्षकहरूमाथिको छलफलमा उठेका प्रश्नहरूको प्रधानमन्त्री शेरबहादुर देउवाका तर्फबाट बिहीबार जवाफ दिँदै उहाँले सो कुरा बताउनुभएको हो।

मन्त्री कार्कीले प्रधानमन्त्रीका तर्फबाट बिहीबारै गृहमन्त्री बालकृष्ण खाणले पनि एसपिपीका बारेमा स्पष्ट पारिसक्नुभएको उल्लेख गर्दै एसपिपीबारेमा हालसम्म कुनै निर्णय नभएको र नहुनेबारेमा समेत सदनलाई स्पष्ट पार्नुभयो। उहाँले एसपिपी र अमेरिकी सहयोग मिलेनियम च्यालेन्ज कर्पोरेशन (एमसिसी) फरक-फरक विषय भएकोसमेत बताउनुभयो।

सांसदहरूले केही समयअघि नेपाल भ्रमणका बेला अमेरिकी उपमन्त्री उज्रा जियाले तिब्बती शरणार्थी शिविरमा भ्रमण गरेको भन्ने सांसदको जिज्ञासामा मन्त्री कार्कीले सोबारेमा स्पष्ट पार्दै नेपाल सरकार कुनै पनि छिमेकी र मित्र राष्ट्रको अहित हुने कुरामा सजग र संवेशनशील रहेको बताउनुभयो।

सरकार मुलुकको सार्वभौमसत्ता, राष्ट्रियता, भौगोलिक अखण्डताको रक्षा गरी आर्थिक समृद्धि अभिवृद्धि गर्ने दिशामा अग्रसर रहेको उल्लेख गर्दै उहाँले यसमा सबैको सहयोगको अपेक्षा गर्नुभयो। प्रधानमन्त्री स्वयंले नै सदनमा उभिएर जवाफ दिनुपर्ने सांसदको मागमा मन्त्री कार्कीले प्रधानमन्त्रीको व्यस्तताका कारण संविधान र नियमबमोजिम उहाँका तर्फबाट आफूले सदनमा जवाफ दिएको स्पष्ट पार्दै प्रधानमन्त्रीले मुलुकका लागि के-के भूमिका निर्वाह गर्नुपर्दछ भन्ने कुरा पनि सांसदहरूलाई हेक्का हुनुपर्ने धारणा व्यक्त गर्नुभयो।

"पाँचदलीय सत्तागठबन्धनको लक्ष्य मुलुकलाई समृद्धितर्फ अग्रसर गराउन रहेको बताउँदै विकास र सुशासनमार्फत मुलुकलाई समुन्नतितर्फ अग्रसर गराउन चाहन्छौँ", उहाँले भन्नभयो।

# यो सरकारले एसपिपी सम्झौता गर्दैन, ओली सरकारका पालामा कार्यान्वयन गर्ने काम भयो : अध्यक्ष प्रचण्ड

काठमाडौँ, २ असार (रासस)।

नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले गठबन्धन सरकारले 'स्टेट पार्टनरसीप प्रोगाम' (एसपिपी) सझौता नगर्ने प्रष्ट पार्नुभएको छ। २१औँ रितबहादुर खड्का स्मृति दिवसका अवसरमा बिहीबार पार्टी मुख्यालय पेरिसडाँडामा आयोजित कार्यक्रममा उहाँले सरकार नेपालको राष्ट्रियता स्वाधिनताको पक्षमा दृढतापूर्वक उभिने र त्यस्तो खालको कुनै सम्झौता नगर्ने विश्वास दिलाउनुभयो।

अध्यक्ष प्रचडले वर्तमान सरकार यो सम्झौता गर्नेतर्फ नलाग्ने बरु यस अघिको ओली सरकारले उक्त सम्झौताको कार्यान्वयन गर्ने काम गरेको तथ्य इतिहासमा भेटिने जिकीर गर्नुभयोठ। एसपिपीका विषयमा चर्चा गरेर राष्ट्रवादको झुठो प्रचार गर्ने काम भएको पनि उहाँले दाबी गर्नुभयो।

उहाँले भन्नुभयो "बरु यो एसपिपी सम्झौता कार्यान्वयन गर्ने काम सन् २०१९ मा केपी शर्मा ओली नेतृत्वको सरकारले गरेको तथ्य इतिहासमा छ, यो कुरा हामी सबैले बुझ्न जरुरी छ", उहाँले भन्नुभयो।

"एसपिपी सम्झौता हुँदैछ रे, भइ नै सक्यो रे भनेर जुन ढङ्गले प्रचार गरिएको छ, त्यो झुठो हो। प्रधानमन्त्री र गठबन्धनमा भएको छलफलअनुसार अहिलेसम्म त्यस्तो कुनै सम्झौता भएको छैन", पूर्वप्रधानमन्त्री दाहालले भन्नुभयो, "त्यस्तो कुनै सैन्य सम्झौता हुने छैन भन्ने घोषणा म यहाँबाट गर्न चाहन्छु।"

प्रधानमन्त्री शेरबहादुर देउवाले आफूले कुनै पनि हालतमा त्यस्तो खालको सम्झौता गर्दिनँ भनेर प्रतिबद्धता व्यक्त गर्नुभएको जनाउँदै अध्यक्ष प्रचण्डले सरकारले सम्झौता गर्न लाग्यो भनेर कोही भ्रममा पर्न जरुरी नभएको बताउनुभयो।

गठबन्धन सरकार एसपिपी सम्झौता गर्नेमा नलाग्ने विश्वास दिलाउँदै उहाँले भन्नुभयो, "गठबन्धन त्यस्तो कुरामा लाग्दैन। हामी नेपालको राष्ट्रिय स्वाधिनता तथा नेपालको विकास र समृद्धिको पक्षमा दृढतापूर्वक उभिन्छौँ।"

# महिलाका लागि पहिलोपटक जलयात्रा तालिम

काठमाडौँ, २ असार (रासस)।

नेपाल पर्यटन वोर्डले नेपालमा पहिलोपटक महिलाका लागि जलयात्रा तालिम सुरु गरेको छ।

बोर्डले संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम ( युएनडिपी)सँगको सहकार्यमा जीविकोपार्जन पुनःउत्थानका लागि दिगो पर्यटन परियोजनाअन्तर्गत बुधबारदेखि सिन्धुपाल्चोकको बलेफी गाउँपालिकास्थित सुनकोसीमा १५ दिने महिला रिभर गाईड तालिम सुरु गरेको हो।

रिभर गाईड तालिममा महिलालाई नेपाल एशोसिएशन अफ ऱ्याफ्टिङ एजेन्सीज ( नारा)ले निःशुल्क तालिम प्रदान गर्ने नेपाल पर्यटन वोर्डले जनाएको छ। तालिमको उद्घाटन गर्दै नेपाल पर्यटन बोर्डका प्रमुख कार्यकारी अधिकृत (सिइओ) डा धनञ्जय रेग्मीले पहिलो पटक महिलाका लागि मात्र आयोजना गरिएको यो तालिमले जल पर्यटनको क्षेत्रमा कोसेढुङ्गा सावित हुने अपेक्षा गरिएको बताउनुभयो।

तालिमका रुपमा मात्र नलिई यस क्षेत्रमा नै आफ्नो भविष्य बनाउने गरी काम गर्न आग्रह गर्दै उहाँले बोर्डले आगामी दिनमा नारासँगको सहकार्यमा थप तालिमको आयोजना गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो। युएनडिपीकी कल्पना सरकारले कोभिड-१९ पछि पर्यटन मजदुर सबैभन्दा समस्यामा परेको भन्दै उनीहरूको जीविकोपार्जनमा सहयोग गर्ने उद्देश्यले उक्त कार्यक्रम सुरु गरिएको बताउनुभयो। तालिमले महिला शक्तिकरण, रोजगारी सिर्जनासँगै यस क्षेत्रमा भएको जनशक्तिको कमीलाई परिपूर्ति गर्ने उहाँको भनाइ थियो।

नेपाल एशोसिएशन अफ ऱ्याफ्टिङ एजेन्सीज (नारा) का अध्यक्ष शिव अधिकारीले नेपालको इतिहासमै पहिलोपटक महिलालाई निःशुल्क रिभर गाईड उपलब्ध गराएर महिलाका लागि रोजगारीको ग्यारेन्टी गरिएको भन्दै खुसी व्यक्त गर्नुभयो। उहाँले नदी सफा र सुरक्षित राख्न गाउँपालिकालाई आग्रहसमेत गर्नुभयो।

कार्यक्रममा नाराका महासचिव नारायण श्रेष्ठले जलयात्रामा महिलाको सहभागिता न्यून रहेकाले युवाको आकर्षण बढाउन र महिलालाई आत्मनिर्भर बनाउने महत्वपूर्ण उद्देश्य बोकेर तालिमको आयोजना गरिएको बताउनुभयो। यही असार १५ गतेसम्म चल्ने तालिममा ५३ महिला सहभागी रहेको नाराका उपाध्यक्ष शिशिर खनालले जानकारी दिनुभयो।

युएनडीपीले कोरोनाबाट थलिएको पर्यटन क्षेत्रलाई थोरै भए पनि सहयोग पुऱ्याउने उद्देश्यले अल्पकालीन रोजगार तथा तालिमका कार्यक्रम अगाडि बढाउँदै आएको छ।

उक्त कार्यक्रमबाट देशभर ६ हजारभन्दा बढी व्यक्तिलाई अल्पकालीन रोजगारी प्रदान गरिएको नेपाल पर्यटन बोर्डका निर्देशक एवं परियोजनाका राष्ट्रिय परियोजना संयोजक मणिराज लामिछानेले जानकारी दिनुभयो।


### बजेट परम्परागत र ...

अहिलेको बजेट चुनावमुखी र नेतामुखी रहेको प्रतिक्रिया दिनुभयो। उहाँले चुनावलाई केन्द्रित गरेर मन्त्रीहरूले बजेटमा आफ्नो क्षेत्रलाई प्राथमकिता दिएको आरोप लगाउनुभयो।

नेता मण्डलले भन्नुभयो, "यसपालिको बजेटमा अधिकांश योजनाहरूमा रकम तोकिएरै विनियोजन गरिएको छ", यो बजेटको साकारात्मक पक्ष हो उहाँको कथन थियो।

डा. आदर्श कुमार सिंह

Dr. Adarsh Kumar Singh



MBBS, MD TU

NMC Reg. No. : 9413

कन्सलटेन्ट फिजिसियन

मधुमेह (चिनी रोग), मुटु, दम एवम् श्वास प्रश्वास, पेट तथा कलेजो रोग मृगौला, छाती, थाइराइड सम्बन्धि रोग

डा. ललन प्रसाद रौनियार

Dr. Lalan Prasad Rauniyar



MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

कन्सलटेन्ट बाल रोग विशेषज्ञ

वरिष्ठ नवजात शिशु तथा बालरोग

सम्पर्क : जयश्री कृष्ण फार्मेशी

गजेन्द्र नारायण सिंह अस्पताल (दक्षिण गेट), हनुमाननगर रोड, राजविराज, सप्तरी

Phone : 031-533774 / Mo. No : 9819721526, 9852820734

## विश्व समाचार

# पाकिस्तानी प्रमभन्दा उनका श्रीमती धनी, पूर्वप्रम खान चार बाख्राका मालिक, श्रीमतीभन्दा गरिब !

इस्लामावाद, २ असार (रासस/एएनआई)।

दुई जोईका खसम पाकिस्तानका प्रधानमन्त्री शेहबाज शरीफ र पूर्वप्रधानमन्त्री इमरान खान आफ्ना श्रीमतीभन्दा गरिब भएको पाइएको छ।

निर्वाचन आयोगमा पेश गरिएको सम्पत्ति विवरणअनुसार प्रधानमन्त्री शरीफ र उनका पूर्ववर्ती खानका पत्नीसँग आफ्ना पतिभन्दा अधिक सम्पत्ति रहेको पाइएको हो।

पूर्वप्रधानमन्त्री इमरान खानसँग दुई लाख पाकिस्तानी रूपैयाँ पर्ने चारवटा बाख्रा छन्। अंशवण्डामा प्राप्त उनीसँग छ किसिमका सम्पत्ति छन्। पाकिस्तान तहरीक-ए-इन्साफ ( पीटीआई) का अध्यक्ष खानसँग न त गाडी छ न देश बाहिर सम्पत्ति नै। उनले कतै लगानी लगानी गरेका छैनन्। खानसँग विदेशी मुद्रा खातामा तीन लाख २९ हजार एकसय ९६ अमेरिकी डलर, पाँचसय १८ स्टर्लिङ् पाउन्ड र छ करोड पाकिस्तानी रूपैयाँ छ। खानकी श्रीमती बुशरा बीबीको चार प्रकारका अचल सम्पत्तिसहित कुल सम्पत्ति १४ करोड २१ रूपैयाँको जायजेथा छ।

प्रधानमन्त्री शहबाज शरीफकी जेठी जाया नुसरत शहबाजसँग पनि आफ्नो लोग्नेकोभन्दा धेरै सम्पत्ति छ। उनीसँग २३ करोड २९ लाखको सम्पत्तिसँगै लाहोर र हजारामा नौवटा कृषि सम्पत्ति र दुवै ठाउँमा एक-एक घर छन्। उनले विभिन्न क्षेत्रमा लगानी गरेकी दैनिक अखबार डनले छापेको छ। प्रधानमन्त्री शरीफसँग १० करोड ४२ लाख रूपैयाँ बराबरको सम्पत्ति छ भने १४ करोड ७८ लाखको दायित्व छ। प्रधानमन्त्रीकी कान्छी जीवनसँगिनी तेहमिना दुर्रानीको सम्पत्ति केही वर्षदेखि करिब ५७ लाख रुपैयाँ रहेको छ।

# युक्रेन युद्धले पूर्वीअफ्रिकामा खाद्य संकट पर्नसक्ने

आदिस अबाबा, २ असार (रासस/सिन्ह्वा)।

हालैका दिनमा युक्रेनमा जारी रहेको सङ्कटका कारण विशेष गरी पूर्वीअफ्रिकामा खाद्यान्न सङ्कट पर्न सक्ने संयुक्त राष्टसङ्घले जनाएको छ।

संयुक्त राष्ट्रसङ्घीय विश्व खाद्य कार्यक्रमले मङ्गलबार सो चेतावनी दिएको समाचारमा जनाइएको छ। संयुक्त राष्ट्रसङ्घीय विश्व खाद्य कार्यक्रमले युक्रेनमा जारी रहेको सङ्कटका कारण यहाँ खाद्यान्न आपूर्तिमा अवरोध पुग्ने गरेको छ।

खाद्यान्न आपूर्तिमा भएको असहजता, बजारको अनिश्चितता र अत्यावश्यक बस्तुको आपूर्तिसमेतमा अवरोध पुग्दा यस्तो अवस्था आउने सो कार्यक्रमले जनाएको समाचारमा उल्लेख गरिएको छ।

महिनौ यतादेखि युक्रेन हुँदै यहाँ आपूर्ति हुने गरेको खाद्यान्नमा कमी आइसकेको, सङ्कटका लागि खाद्यान्न भण्डारण गर्ने अवस्था पनि नरहेको सो कार्यक्रमले मङ्गलबार जनाएको छ।

संयुक्त राष्ट्रसङ्घीय विश्व खाद्य कार्यक्रमले गरेको एक अध्ययनमा अत्यावश्यक सामग्री तथा खाद्यान्न आपूर्तिका लागि मानवीय सहायतासम्बन्धी कोरिडोर सञ्चालन हुन नसकेको भन्दै यसले आगामी केही दिनमै यहाँ खाद्यान्न अभाव हुन जाने संयुक्त राष्ट्रसङ्घीय विश्व खाद्य कार्यक्रमले जनाएको छ।

# कार विस्फोटमा पत्रकारको मृत्यु

एडेन, २ असार (रासस/एएनआई/सिन्ह्वा)।

यमनको दक्षिणी बन्दरगाह सहर एडेनमा बुधबार एक स्थानीय यमनी पत्रकारको कार विस्फोटमा परी मृत्यु भएको एक सरकारी अधिकारीले सिन्ह्वालाई बताएका छन्।

साबेर नोमान अल-हैदरी नामक स्थानीय पत्रकार बोकेको गाडीमा जडान गरिएको इम्प्रोभाइज्ड एक्सप्लोसिभ डिभाइस ( आइइडी)ले एडेनको मन्सौरा जिल्लामा ठूलो विस्फोट गराएको स्थानीय सरकारी स्रोतले नाम नछाप्ने सर्तमा बताएका छन्।

राति भएको विष्फोटमा पत्रकारको ज्यान गएको र धेरै यात्रु घाइते भएका छन्। पत्रकार जापानी समाचार आउटलेटका लागि काम गर्थे, उनलाई किन निशाना बनाइएको थियो भन्ने तुरुन्तै स्पष्ट नभएको सरकारी अधिकारीले जानकारी दिएका छन्।

हालसम्म कुनै समूहले विस्फोटको जिम्मेवारी लिएको छैन। तर युद्धग्रस्त अरब देशमा यस्तै घटनामा धेरै यमनी पत्रकार मारिएका छन्।

यमन सन् २०१४ को उत्तरार्धदेखि गृहयुद्धमा फसेको छ। हुथी मिलिशियाले धेरै उत्तरी प्रान्त कब्जा गरे र साउदी समर्थित यमनी सरकारलाई राजधानी सानाबाट बाहिर निकालिएका थिए।

स्थानीय अधिकारीले एडेनमा सुरक्षा र स्थिरता कायम गर्न प्रयास गरिरहेका छन्। यद्यपि, रणनीतिक यमन बन्दरगाह सहरमा छिटपुट बम विस्फोटका घटना र गोलीबारी आक्रमण अझै पनि हुने गरेको पाइन्छ।

# ग्यासमा ७ सय ३१, पेट्रोलमा ३१ र डिजेलमा ३७ रुँपैया घाटा

**दैनिक समाचारदाता**
**काठमाडौं, २ असार ।**

नेपाल आयल निगमले बिहीबार विज्ञप्ति जारि गर्दै खाना पकाउने ग्याँसमा ७ सय ५१ रुपैयाँ १४ पैसा, पेट्रोल र डिजेलमा प्रतिलिटर क्रमशः ३१ रुपैयाँ २८ पैसा र ३७ रुपैयाँ १६ पैसा घाटा रहेको उल्लेख गरेको छ ।

निगमका प्रवक्ता विनितमणि उपाध्यायद्वारा जारि विज्ञप्तिमा डिजेल र पेट्रोलमा उच्च वृद्धिसहितको इन्धनको नयाँ मूल्य सूची प्राप्त भएको जनाएको छ । भारतीय आयल निगम ( आईओसी) ले पठाएको नयाँ मूल्य सूचीअनुसार पेट्रोलको लागत लिटरमै २०९ रुपैयाँ २८ पैसा पुगेको छ भने डिजेलको लागत मूल्य २०२ रुपैयाँ १६ पैसा पुगेको छ ।

उनका अनुसार मट्टितेलमा १४७ रुपैयाँ ९९ पैसा लागत पुगेको छ । यो हालसम्मै उच्च मूल्य भएको निगमको भनाइ छ । नयाँ मूल्य सूचीअनुसार खाना पकाउने ग्याँसको लागत २५ सय ५१ रुपैयाँ १५ पैसा पुगेको छ ।

# सिरहा प्रहरीद्वारा २७ किलो गाँजा र मोटरसाइकल बरामद

**दैनिक समाचारदाता**
**सिरहा, २ असार ।**

सिरहा प्रहरीले २७ किलो लागुऔषध गाँजासहित एक थान मोटरसाइकल बरामद गरेको छ ।

विशेष सूचनाको आधारमा प्रहरीले सुखिपुर नगरपालिका ८ बाट बुधबारराती ३ वटा बोरामा रहेको २७ केजी गाजाँ र मोटरसाइकल बरामद गरेको हो ।

गस्तीमा रहेको प्रहरीलाई देखेर मोटरसाइकल र गाँजा छोडी भागेको हुन सक्ने जिल्ला प्रहरी कार्यालय सिरहाका सूचना अधिकारी डीएसपी सुवास बुढाथोकीले जानकारी दिएका छन् ।

प्रहरीले नियन्त्रणमा लिएको मोटरसाइकलको आधारमा घटना अनुसन्धान गरिरहेको जनाएको छ । अनुसन्धानमा असरपर्ने भन्दै मोटराइकल नम्वरभने प्रहरीले खुलाउन चाहेनन् ।

यता गाँजा नेपालबाट भारततर्फ विक्रिको लागि हुनसक्ने अनुमान गरिएको छ । यस अघिपनि उदयपुरको विभिन्न स्थानबाट जम्मा गरेको गाँजा धनगढीमाई नपाहुँदै भारत जानेगरेको बताइन्छ ।

# निहारिकालाई न्याय दिलाउन माग

काठमाडौँ, २ असार (रासस) ।

राष्ट्रियसभाका सांसदहरूले न्यायको माग गरी संघीय राजधानिमा अनशनरत निहारिका राजपुतलाई न्याय दिलाउन सरकार समक्ष माग गर्नुभएको छ ।

राष्ट्रियसभाको बिहीबारको बैठकको शून्य समयमा उहाँहरूले निहारिका र उहाँको बच्चाको संरक्षण गरी घटनाको छानविन गरी दोषिमाथि कारवाही गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो ।

बैठककमा सांसद मृगेन्द्रसिंह यादवले मधेसी महिला नेहारिका राजपूत न्यायको खोजीमा भौतारिएको जनाउँदै उनीको माग सम्बोधन गर्न सरकारको ध्यान जावोस भन्नुभयो ।

सांसद बिमला घिमिरेले बलत्कार पीडित भनिएकी युवती नेहारिका न्यायका लागि आफ्ना बालक सहित राजधानीमा अनसर बस्दा पनि उनीको माग सुनुवाइ नहुनु दुःखद् भएको जनाउँदै सो घटनाका विषयमा छानबिन गर्न समिति गठन माग गर्नुभयो ।

सांसद तुलसाकुमारी दाहालले मानवीय सेवामा तल्लीन रेडक्रस सोसाइटीलाई सरकारले हस्तक्षेप गर्न नहुने बताउनुभयो । सांसद भगवती न्यौपानेले चितवनमा हात्तीले आतङ्क मच्चाएको तर्फ सरकारको ध्यानाकर्षण गराउनुभयो ।

सांसद मायाप्रसाद शर्माले रोपाइँ गर्ने समयमा किसानले किन रासायनिक मल पाएनन् भनी प्रश्नगर्नुभयो ।

सांसद सारदादेबी भट्टले वर्षा शुरु भएपछि वाढी पहिरोले धनजनको क्षति पुऱ्याउन शुरु भएकाले यसको न्यूनीकरणका लागि समयमै सरकारको ध्यान जाओस भन्नुभयो ।

# प्रमुख प्रतिपक्षद्धारा प्रतिनिधिसभाको बैठक बहिष्कार

काठमाडौँ, २ असार (रासस) ।

प्रतिनिधिसभाको बिहीबारको बैठकमा प्रमुख प्रतिपक्षी दल नेकपा (एमाले)ले बहिष्कार गरेको छ ।

बजेट निर्माणका क्रममा अनधिकृत व्यक्तिलाई प्रवेश गराएको विषयमा संसदीय छानबिन समिति गठन गर्न माग गर्दै बहिष्कार गरिएको हो । त्यसअघि एमाले संसदीय दलका प्रमुख सचेतक विशाल भट्टराईले आफूहरू छलफलमा सहभागी नहुने र बहिष्कार गर्ने बताउनुभएको थियो ।

सभामुख अग्निप्रसाद सापकोटाले अर्थमन्त्री जनार्दन शर्मालाई विनियोजन विधेयकका सन्दर्भमा अर्थ मन्त्रालयसँग सम्बन्धित विषयमा उठेको जिज्ञासाका बारेमा जवाफ दिइरहनुभएका बेला एमालेका सांसदहरूले उठेर विरोध जनाउनुभएको थियो ।

एमालेले बजेट निर्माणको क्रममा राख्नुपर्ने गोप्यता नराखेको तथा अनधिकृत व्यक्तिलाई प्रवेश गराएर करको दर हेरफेर गरेको आरोप लगाएको छ ।

### प्रअले व्यवस्थापन ...

बोलाएर समाचार किन प्रकाशन गराएको भन्दै दुरव्यहार समेत गरेको जनाइएको छ ।

महादेवा १ का वडाध्यक्ष जयश्वर किशोर दासले आफुलाई यस विषयमा खबर पाए लगतै समितिका अध्यक्ष यादवलाई प्र.अ. कोठामा ताला लगाएर बन्धक बनाएको देखेर कोठाको ताला खोलेर बन्धक मुक्त गरेको बताए ।

त्यस्तै महादेवा १ स्थित रहेको पकरी प्रहरी चौकीका प्रहरी हवलदार रामबालक यादवका अनुसार आफु पुगेपछि प्र.अ.कोठामा भिडलाई पन्छाएको बताए ।

बिहीबार सो विद्यालयमा दिवा खाजा कार्यक्रममा अनियमितता भएको समाचार प्रकाशन भएको थियो । सो विद्यालयका विद्यालय ब्यवस्थापन समितिका अध्यक्ष यादवले प्रधानाध्यापक मो.गुलजार उदीनले विगतमा कोरोनाको लकडाउन र बैशाखदेखि हालसम्म विद्यालयका १ सय ३० जना विद्यार्थीलाई खाजा उपलब्ध नगराएको आरोप लगाएका थिए ।

दिवा खाजा कार्यक्रमका लागी २२ हजारको खाजा सामग्री राजविराजबाट खरीद गरी ल्याएकोमा विद्यालय प्रशासनको मिलोमतोमा चोरी भएको थियो ।

### सप्तरीमा जिल्ला ...

मुद्दा खारेज गरिदिए पछि गाउँकार्यपालिका सदस्यको निर्वाचन गर्न बाटो खुलेको तथा निर्वाचनका लागी दलहरु फेरी छलफलमा जुटेको लोकतान्त्रिक सामाजवादी पार्टीका केन्द्रीय नेता गजेन्द्र मण्डलले जानकारी दिएका छन् ।

मुख्य निर्वाचन अधिकृत चन्द्रमणी ज्ञवालीले शुक्रवार नै गाउँकार्यपालिका सदस्यको निर्वाचन गराएर त्यसपछि जिल्ला समन्वय समितीको निर्वाचन गराउने तयारी गरिएको जानकारी दिएका छन् ।

१८ स्थानीय तह रहेको सप्तरीमा जिल्ला समन्वय समितिका कुल ३६ मतदाता रहेका छन् । ती मध्ये नेपाली काँग्रेसको सर्वाधिक १२ मत रहेको छ । यस्तै जसपाको ८, लोसपाको ५, नेकपा एमालेको ४, जनमत पार्टीको ३ तथा नेकपा माओवादी केन्द्र र नेकपा एकिकृत समाजवादी संग २/२ मत रहेको जिल्ला निर्वाचन कार्यालय सप्तरीले जनाएको छ ।

## मत्स्य कृषकहरुका लागि जानकारी

**पोखरीको तयारी**

पोखरी सुकाउने वा पानी सुकाउन नसके वा पानीको स्रोत नभएको पोखरी भए त्यसमा पुराना र जँगली माछाहरु जाल तानेर निर्मूल पार्ने वा एमोनियम सल्फेट र चुनको मिश्रण १:५ को अनुपातमा एक कठ्ठा जलाशयको लागि एमोनियम सल्फेट ३.७५ के.जी र घर पोत्ने चुना १८.७५ के.जी.मिलाएर छरेर जंगली माछा मार्ने । पोखरीको डिल र साईडमा भएका झारपात हटाउने । आबश्यकता अनुसार मर्मत सम्भार गर्ने ।

**घर पोतने चुना** :१०-१५ के. जी. चुनाप्रति कठ्ठाका दरले चारै तिर छर्ने ।

**मल:** गोवर मल १०० के. जी. प्रति कठ्ठा शुरुमा र त्यसपछि हरेक हप्तामा १५ के. जी. प्रति कठ्ठाका दरले प्रयोग गर्ने तर नयाँ पोखरीको लागि १५० देखि ३०० के.जी. पाकेको गोबर मल प्रयोग गर्ने वा १.७ के.जी.डि. ए.पी. र १ के.जी. यूरियाप्रति कठ्ठा दरले प्रत्येक १५ दिनमा प्रयोग गर्ने । उपयुक्त डोज पानीको मलिलोपनमा भर पर्छ । कम्तिमा १.५ मि. पानी राखने (प्रवेशद्धारमा जाली राखेर) ।

माछा भुरा फिगंरलिङ्गलको स्टोकिँग ५-६ दिन पछि १००० देखि १५०० गोटा प्रति कठ्ठाको दरले स्टक गरिन्छ । तर पालन प्रविधि अनुसार स्टोकिङ्ग डेन्सिटी फरक पर्न सक्छ ।

**स्टकिंग प्रतिशत**

| सि. नं. | माछाको नाम | स्टोकिङ्ग डेन्सिटी-१ प्रतिशत | स्टोकिङ्ग डेन्सिटी-२ | स्टोकिङ्ग डेन्सिटी-३ | स्टोकिङ्ग डेन्सिटी-४ |
|---|---|---|---|---|---|
| १ | कमनकार्प | २५ | २० | ४० | २० |
| २ | सिल्भर कार्प | ३५ | ४० | २५ | २० |
| ३ | बिगहेड कार्प | १० | २० | १५ | ४० |
| ४ | ग्रास कार्प | ५ | १० | १० | १० |
| ५ | रह | १५ | | | १० |
| ६ | नैनि | १० | १० | १० | |
| ७ | भाकुर | | | | |

**मछाको आहार विहार**

| माछाको नाम | आहाराको क्षेत्र | आहारा |
|---|---|---|
| भाकुर | पानीको माथिल्लो भाग देखीमध्य भाग | जुप्लाक्टन |
| रहु | पानीको मध्य भागदेखी पिंध सम्म | डेट्रिटस, दाना |
| नैनि | पानीको पिंधभागमा | सर्वाहारी दाना |
| सिल्भर कार्प | पानीको माथिल्लो भाग | फाईटोप्लांटन |
| बिगहेड कार्प | पानीको माथिल्लो भागदेखी मध्यभाग सम्म | जुप्लांक्टन |
| ग्रास कार्प | पानीको जुन सुकै भागमा | घाँस, दाना |
| कमनकार्प | पानीको पिंधभागमा | सर्वाहारी दाना |

**प्रयोग :**

पेलेट दाना माछाको शारिरीक तौलको ५ प्रतिशतको दरले दिने (शुरुमा ५ देखी १० प्रतिशत शारिरीक तौलको र ठूलो माछाको हकमा १ देखी ३ प्रतिशत शारिरीक तौलको वा ग्रास कार्प ५० ग्रामभन्दा ठूला शारिरीक तौलको २० देखी ३० प्रतिशतसम्म घाँस खान्छ, त्यही अनुपातमा घाँस हाल्ने

**वा**

**२५ प्रतिशत प्रोटिन भएको दाना बनाउनका लागि सामग्रीहरु**

१. धानको ढुटो : १५% २. गहुँको पिठो : २०% ३. मकैको पिठो : ५% ४. गहको चोकर : १४.५% ५. माछाको सिद्रा : ७%, ६. भटमास : २३.५ % ७. पिना : १५% ८. मिनरल मिक्स २%

**मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी**
मोवाईल नं. ९८५२८२०९३५

बर्षातको समयमा हुने पानीजन्य रोग प्रति सजग रहौं

फोहर पानीले झाडापखाला, हैजा, टाइफाइड, आउँ, जण्डिस जस्ता रोगहरु लाग्न सक्छन।

त्यसैले:

- खोला, धारा वा मुलको पानी सिधै नपिऔं।
- पानी उमालेर वा शुद्धिकरण गरेर मात्र पिऔं।
- पानीलाई पीयुष, अक्वाट्याब्स वा अन्य क्लोरिन जन्य कुराहरु हालेर शुद्धिकरण गरौं।
- पिउने पानीलाई सफा भाँडामा छोपेर राखौं र सफा भाँडाले पानी झिक्ने गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५३१०९६

ipay remit
City Express Money Transfer
Best Remit
Prabhu Money Transfer
IME International Money Express
himal remit हिमालरेमिट
CG Money

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*